## लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः४ मितिः२०८१/०३/२३

### भाग-१

### लेटाङ नगरपालिका

## लेटाङ नगरपालिकाको सहकारी (तेस्रो संशोधन) ऐन, २०८१

# लेटाङ नगरपालिकाको सहकारी (तेस्रो संशोधन) ऐन, २०८१

प्रस्तावनाः लेटाङ नगरपालिका सहकारी ऐन, २०७६ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, १५ औं नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " लेटाङ नगरपालिकाको सहकारी (तेस्रो संशोधन) ऐन,२०८१, रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा १०२ मा संशोधनः (१) दफा १०२ को समन्वय समिति सम्बन्धी व्यवस्था खरेज गरिएको छ।

३. मूल ऐनको दफा १०३ मा संशोधनः (१) दफा १०३ नगर समन्वय समितिको उद्देश्य तथा कार्यहरू ऐनबाट झिकिएको छ।

४. मूल ऐनको दफा १०४ मा संशोधनः (१) दफा १०४ परामर्श तथा मूल्याङ्कन समिति सम्बन्धी उपदफा ३ झिकिएको छ।

५. मूल ऐनको दफा १०५ मा संशोधनः (१) दफा १०५ को खण्ड (क) मा समन्वय समिति शब्द झिकिएको छ।

६. बचाउः यो ऐन प्रारम्भ हुनु अघि मूल ऐन अनुसार भएका गरेका कामहरू यसै ऐन अनुसार भए अनुसार भएको मनिनेछ।

लेटाङ नगरपालिका, मोरङ

आज्ञाले,

नारायण न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१।३।२०